दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २९३ | बुटवल | २०८२ कात्तिक १७ गते, सोमबार | नेपाल संवत ११४६ | Monday November 03, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**समयमै बसाइँसराइ दर्ता गरौं**

**बसाइँ सरेर जाँदा चाहिने कागजातहरु:**
-लगत हस्तान्तरण फाराम,
-बसाइँसराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्षभन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र,-बसाइँसराइ गर्नेको सबै प्रकारका व्यक्तिगत घटनाको दर्ता प्रमाणपत्र,-बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन ।
**बसाइँ सरेर आउँदा चाहिने कागजातहरु:**
-लगत हस्तान्तरण फाराम, - सूचकको नागरिकता ।
**सम्बन्धित स्थानीय तहमा ३५ दिनभित्र बसाइँ सराइको दर्ता गरौं**

नेपाल सरकार विज्ञापन बोर्ड

## लघु वित्त संस्था पीडितले गरे प्रदर्शन



**मोहम्मद हबिब**
*भैरहवा*

लघु वित्तीय संस्थाले ज्यादती गरेको दाबी गर्दै भैरहवामा लघुवित्त पीडितहरुले प्रदर्शन गरेका छन् । लघु वित्तीय संस्थाविरुद्धको संघर्ष समिति नेपालले आइतबार जिल्ला प्रशासन कार्यालय रुपन्देही अगाडि संयुक्त विरोध प्रदर्शन गरेको हो ।

लघुवित्त पीडित संघर्ष समितिका जिल्ला अध्यक्ष अम्बिका देवानले लघु वित्तीय संस्था खारेज गर्नुपर्ने, लघुवित्तीय संस्थाहरुद्वारा लगाइएको सामूहिक ऋण मिनाहा गर्नुपर्ने, गरिब किसानहरुलाई निःशुल्क ऋण प्रदान गर्न माग रहेको बताइन ।

किसान मजदुर आन्दोलनको केन्द्रीय सचिवालय सदस्य उमेश कोरीले देशभरिका प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाउने कार्यक्रम रहेको बताए । 'मिटर ब्याजको समस्या हालसम्म कहीँबाट नभएकोले विभिन्न माग राख्दै हामीले विरोध प्रदर्शन गरिरहेको छौं । सरकारले कानुन बनाएर निवदेन दार्ता र छलफलबाट समस्या समाधानको लागि प्रक्रिया बने पनि पीडितलाई न्यायको लागि आश्वासन मात्रै रहेको छ ।'-उनले भने । अहिलेसम्म पीडितलाई अलमलाउने काम मात्रै भएको र न्याय कतै नपाएकोले विरोध प्रदर्शन गरिरहेको उनले जनाए ।

» बाँकी ३ पेजमा

## पहुँचको भरमा भर्ती भएका कर्मचारी हटाउन निर्देशन

बुटवल । प्रधानमन्त्री सुशीला कार्कीले नेपाल वायुसेवा निगममा पहुँचका आधारमा भर्ती गरिएका करारका कर्मचारीलाई तत्काल हटाउन निर्देशन दिएकी छिन् । पर्यटनमन्त्रीका हैसियतमा प्रधानमन्त्री कार्कीले निगमको सञ्चालक समिति र व्यवस्थापनका अधिकारीहरूलाई सिंहदरबारमा बोलाएर यस्तो निर्देशन दिएकी हुन् ।

कुनै समय गौरव गर्नलायक बनेको संस्था अहिले दर्दनाक अवस्थामा पुगेको भन्दै निगमभित्रका बेथिति हटाउन कसैको मुख नहेरी कठोर रूपमा लाग्न पनि उनले निर्देश गरेकी छिन् । यस्तै अहिलेसम्म निगम सुधारका लागि बनेका प्रतिवेदनहरू सुझाव कार्यान्वयन गर्ने योजनासाथ अघि बढ्नुपर्ने उनको निर्देशन छ ।

कार्यक्रममा निगमका निमित्त महाप्रबन्धक जनकराज कालाखेतीले १७ अर्ब रुपैयाँभन्दा बढीको सञ्चित नोक्सानीमा रहेको विवरण प्रस्तुत गरेका थिए । प्रधानमन्त्री कार्कीले कतैबाट आउने अनुचित र गैरकानुनी दबाब नसुन्न पनि सुझाव दिइन् । निगमको आफ्नो जहाजको इञ्जिन मर्मत गर्न पठाएर नल्याउने, भाडाको इञ्जिन चलाएर ठूलो खर्च लेख्ने प्रवृत्तिमाथि पनि उनले प्रश्न गरिन् ।

निजी क्षेत्रका सेवा प्रदायकले ठूलो नाफा कमाइरहँदा निगम घाटामा जानुको कारण के हो भनेर पनि उनले प्रश्न गरिन् । निगमका कावा अध्यक्ष विक्रम राईले केही दिनमै देखिने गरी सुधारका कदम चाल्ने प्रतिबद्धता जनाए । 'निगममा बोल्ड निर्णय गर्नुपर्ने आवश्यकता छ । यस्तै, निगमभित्रका भ्रष्टाचार छानबिन गरी प्रतिवेदनअनुसार तुरुन्त कारबाही गर्न पनि प्रधानमन्त्रीले भनेकी छिन् ।

### अनुमतिभन्दा धेरै ढुंगा गिट्टी उत्खनन् :

# पालिकाका प्रमुख प्रशासकीय अधिकृत र ठेकेदारविरुद्ध भ्रष्टाचार मुद्दा

**नदीजन्य पदार्थको ठेक्का लगाउने धेरैजसो स्थानीय तहमा गढवामा जस्तै अनुमतिभन्दा चार-पाँच गुणा बढी ढुङ्गा, बालुवा उत्खनन् हुने गरेको सम्बन्धित क्षेत्रका जानकारहरु बताउँछन् ।**



**लुम्बिनी संवाददाता**
*दाङ*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दाङको गढवा गाउँपालिकामा अनुमतिभन्दा बढी ढुङ्गा, बालुवा उत्खनन् गरेको अभियोगमा दुई जनाविरुद्ध झण्डै एक करोडको भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले गढवा गाउँपालिका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लालबहादुर योगी र बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रालिका प्रबन्ध निर्देशक लक्ष्मणकुमार रानाविरुद्ध आइतबार विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर हो ।

आयोगकाअनुसार गढवा गाउँपालिका-१ स्थित पत्रिङ्गाघाटदेखि जेठानगाउँसम्मको राप्ती नदी क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र रोडा उत्खननका लागि २०७६ साल पुस १२ गते गाउँपालिका र बज्रगुरु कन्स्ट्रक्सन कम्पनीबिच ठेक्का सम्झौता भएको थियो ।

उक्त सम्झौताअनुसार कम्पनीले तोकिएको भन्दा बढी परिमाणमा नदीजन्य पदार्थ उत्खनन् गरेको अभियोगमा अख्तियारले उनीहरूविरुद्ध ९५ लाख ९८ हजार बिगो मागदाबी गरिएको छ ।

२०७७ साल साउनमा गाउँपालिकाका प्रतिनिधि र जिल्ला समन्वय समिति दाङको उपस्थितिमा गरिएको मापनअनुसार १ लाख १० हजार ६३८ घनमिटर नदीजन्य पदार्थको स्टक देखिएको थियो ।

सम्झौताभन्दा बढी उत्खनन् भएको परिमाणको राजस्व विभाज्य कोषमा जम्मा गर्न गाउँपालिकाले तीनपटक पत्राचार गरे पनि कम्पनीले रकम बुझाएको थिएन ।

तर प्रमुख प्रशासकीय अधिकृत योगीले गाउँ कार्यपालिकाको निर्णयविपरीत र कुनै कानुनी प्रक्रिया नअपनाई गाउँपालिकाको नाममा राखिएको ९५ लाख ९८ हजार बराबरको बैंक ग्यारेन्टी फुकुवा गर्न २०७८ साल पुस १२ गते नेपाल बंगलादेश बैंकलाई पत्राचार गरेका थिए ।

सो बैंक ग्यारेन्टी फुकुवा भएपछि गाउँपालिकाले राजस्व असुल गर्न नसकेको र सो प्रक्रिया अनियमित रूपमा भएको प्रमाण फेला परेको आयोगले जनाएको छ ।

आयोगले योगी र कम्पनीका प्रबन्ध निर्देशक रानाले मिलेमतो गरी गाउँपालिकाको राजस्व रकम हिनामिना गरेको, सरकारी सम्पत्तिमा हानि पुऱ्याएको र भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुर गरेको ठहर गर्दै दुवै जनाविरुद्ध मुद्दा दायर गरेको हो ।

आयोगले विशेष अदालतमा दायर गरेको आरोपपत्रमा उनीहरूलाई प्रचलित कानुनअनुसार सजाय माग गरिएको छ ।

नदीजन्य पदार्थको ठेक्का लगाउने धेरैजसो स्थानीय तहमा गढवामा जस्तै अनुमतिभन्दा चार-पाँच गुणा बढी ढुङ्गा, बालुवा उत्खनन् हुने गरेको सम्बन्धित क्षेत्रका जानकारहरु बताउँछन् । पालिकासँग भएको सम्झौताको चार/पाँच गुणा बढी ढुंगा, गिट्टी, बालुवा निकाल्ने, तोकिएको घाटगद्दीमा नलगी नजिकका क्रेसर उद्योगमा लगेर चोरी निकासी गर्ने गरेको उनीहरुको भनाइ छ । एउटै आर्थिक वर्षमा एउटै नदीको ठेक्काबाट करोडौं मूल्यको ढुंगा, गिट्टी, बालुवा अवैध उत्खनन् र चोरी निकासी हुने गरेको कतिपय जनप्रतिनिधिहरु समेत स्वीकार्छन् । यसबारे गहन अनुसन्धान हुने हो भने धेरै स्थानीय तहका नदीजन्य पदार्थ उत्खनन् ठेक्कामा बद्मासी र आर्थिक अनियमितता भेटिने उनीहरुको दाबी छ । नदीजन्य पदार्थको ठेक्कामा अधिकांश प्रमुख राजनीतिक दलकै नेता कार्यकर्ताको संलग्नता हुने गरेको छ ।

उता सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकामा अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयको टोलीले छापा मारेको छ ।

आइतबार अख्तियारको विशेष टोलीले नगरपालिकाको कार्यालयमा छापा हानेर केही कागजातहरू नियन्त्रणमा लिएको छ । अनियमितता भएको भन्ने पटक-पटक गुनासो तथा उजुरी आएपछि अख्तियारले आइतबार छापा मारेको हो ।

स्रोतका अनुसार भोटेकोशी जलविद्युत् आयोजनासँग अस्पतालका लागि भन्दै नगरपालिकाका मेयर बालकृष्ण बस्नेतले ५ करोड लिएको आरोप छ । । धम्क्याएर अस्पतालका भनेर रकम लगेको तर उक्त रकम हिनामिना गरेको भन्ने सूचना आएपछि अख्तियारको टोली खटिएको थियो ।

अख्तियारले छापा मार्दा २० लाखको हिसाब किताब भेटिएन पनि बाँकी रकमबारे केही पनि हरहिसाब नभेटिएको स्रोतले बतायो । 'प्रारम्भिक अनुसन्धानका क्रममा २० लाखको हरहिसाब देखिन्छ । बाँकी रकम कहाँ गयो, केही पनि उल्लेख छैन ।'- स्रोतले भन्यो ।

# रिडीमा बढ्दै धार्मिक गतिविधि



**कृष्ण पोखरेल**
*पाल्पा*

पाल्पा, गुल्मी र स्याङ्जाको संगमस्थल रुरु क्षेत्रधाम रिडीमा भगवान हृषिकेशको भव्य रथयात्रा आयोजना गरिएको छ । ऐतिहासिक तथा धार्मिक महत्व बोकेको रुरु क्षेत्र धाममा प्रत्येक वर्ष कात्तिक शुक्ल पक्ष हरिवोधनी एकादशीको अर्को दिन द्वादशीको दिन हृषिकेश भगवानको रथयात्रा निकाल्ने परम्परा रहँदै आएको छ । विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि देशका विभिन्न स्थानबाट आएका तीर्थयात्री, साधु-सन्त र भक्तजनहरूको ठूलो उपस्थितिमा रथयात्रा निकालिएको हो ।

रथयात्राको सुरुवात रुरु क्षेत्रधामस्थित हृषिकेश मन्दिर परिसरबाट सुरु भएको रथयात्रा गुल्मीको रिडी बजार, हृषिकेश क्षेत्र, अर्गली बजार क्षेत्रमा परिक्रमा गराई भगवानको दर्शन पूजाआजा गरिएको पुजारी विवेक भट्टराईले बताए । वैदिक मन्त्रोच्चारण, धार्मिक भजन-कीर्तन र पण्डितहरूको पूजापाठसहित रथयात्रा गरिएको हो । भक्तजनहरूले भगवान हृषिकेशको रथ बोकेर रुरु क्षेत्र परिक्रमा गरे । रथयात्रामा स्थानीयवासीले भगवानप्रति फूलमाला, धूप-दिप र प्रसाद चढाएका थिए ।

रुरु क्षेत्रधामलाई 'नेपालको चारधाम' मध्ये एक मानिन्छ । यहाँको धार्मिक महत्व विष्णु भगवानको अवतार हृषिकेशसँग जोडिएको छ ।

धार्मिक विश्वासअनुसार रुरु क्षेत्रको रिडीमा स्नान गरी भगवान हृषिकेशको दर्शन गरे पापकर्महरू नाश भई मोक्ष प्राप्ति हुन्छ भन्ने जनविश्वास रहिआएको हृषिकेश मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पर्शुराम भट्टराईले बताए । यही कारणले यहाँ वर्षभरि तीर्थयात्रीहरूको आगमन हुने गरेको छ, विशेषगरी माघे संक्रान्ति र हृषिकेश रथयात्राका अवसरमा त हजारौंको संख्यामा भक्तजन यहाँ जम्मा हुने गर्छन् ।

हालका वर्षहरूमा रुरु क्षेत्रलाई धार्मिक पर्यटन स्थलको रूपमा विकास गर्न स्थानीय सरकार, धार्मिक गुठी संस्था र विभिन्न संघसंस्थाले पहल गरेका छन् । मन्दिर पुनर्निर्माण, तीर्थपथ सुधार, खानेपानी र सरसफाइजस्ता आधारभूत संरचना विस्तारसँगै रुरु क्षेत्र अहिले आन्तरिक पर्यटकहरूको पनि आकर्षण बन्दै गएको स्थानीयवासी कमल खनालले बताए ।

रथयात्राका क्रममा धार्मिक कार्यक्रमसँगै साँस्कृतिक प्रस्तुति, भजन-कीर्तन प्रतियोगिता र पारम्परिक वाद्यवादनको प्रदर्शन गरिएको थियो । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, धार्मिक अगुवा र समुदायका वरिष्ठ नागरिकहरूले रुरु क्षेत्रको ऐतिहासिक र सांस्कृतिक महत्वबारे व्यक्तिहरुको सहभागिता रहेको थियो ।

हर्षोल्लास र आस्थाले भरिएको हृषिकेश रथयात्रा सम्पन्न भएपछि भक्तजनहरूले मन्दिरमा पूजा-आराधना गरी प्रसाद ग्रहण गरेका छन् । रुरु क्षेत्रधामको यो रथयात्रा केवल धार्मिक श्रद्धाको प्रतीक मात्र नभई सांस्कृतिक एकताको प्रतीकका रूपमा पनि स्थापित हुँदै गएको स्थानीयवासीको भनाइ छ ।

हृषिकेशव भगवानको रथयात्राको लागि तानसेन नगरपालिकाले स्थानीय बिदा दिएको थियो । रथयात्रामा प्रदेश सासंद वीरबहादुर राना, प्रदेश मुख्य सचिव बाबुराम अधिकारी, पाल्पा, गुल्मी, स्याङ्जाका जनप्रतिनिधि, नेपाली सेना, सशस्त्र प्रहरी, जनपद प्रहरीहरुको सहभागिता रहेको थियो । नेपाली सेनाको सलामी अर्पणसहित रथयात्रा निकालिएको थियो ।

**गाउँवासीहरुमा हार्दिक अनुरोध**

- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौँ।
- जन्म, मृत्यु, बसाईसराइ, विवाह दर्ता, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौँ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौँ।
- पानी उमालेर मात्र पिउने गरौँ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौँ।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौँ।
- सबैखालका विभेदको अन्त्य गरौँ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौँ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔँ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौँ, चर्पीमा मात्र दिसापिसाब गरौँ।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

भुपाल पोखरेल
अध्यक्ष

**धुर्कोट गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बर्बोट, गुल्मी, लुम्बिनी प्रदेश

## सम्पादकीय

# छाक टार्नै धौ धौ

ट्रंकलाइन र डेडिकेटेड लाइनको बक्यौता नतिरेको भन्दै नेपाल विद्युत् प्राधिकरणले उद्योगको विद्युत् आपूर्ति बन्द गरेपछि अहिले दुई दर्जन ठूला उद्योग बन्द छन् । ती उद्योगको नोक्सानी र प्राधिकरणको आम्दानी तथा नोक्सानीको बारेमा जति चर्चा हुन्छ, मजदुरलाई परेको समस्याको चर्चा कमै हुन्छ ।

अहिले उद्योगमा कार्यरत ४० हजार मजदुरको रोजीरोटी खोसिएको छ । उद्योगले मजदुरलाई बेतलवी बिदामा राखेका छन् । अब उनीहरुले उद्योग नचलुञ्जेल पारिश्रमिक पाउने छैनन् । सरकार-उद्योगी विवादको मारमा बिहान-बेलुका छाक टार्ने मजदुर समस्यामा परेका छन् । ती मजदुरका समस्या आवाज धिमा छ । मजदुरको बिहान-बेलुकाको छाक खोसिएपछि मजदुर उद्योगीसँगै आन्दोलनमा उत्रेका छन् । आन्दोलनमा उत्रेका तिनै मजदुरको पक्षमा बोल्दाबोल्दै केही दिनअघि मजदुर नेता कमल गौतमको हृदयघात भइ निधन भयो । चिकित्सकहरुले उनको निधन 'कार्डियो अरेष्ट'ले भएको बताएका छन् । उनको निधनलाई कतिपयले सामाजिक सञ्जालमा नकारात्मक टिप्पणी गरे पनि मजदुर आन्दोलनमा सहभागी हुँदाहुँदै निधन भएको र सरकारले यो मुद्दालाई बेवास्ता गरेकोले आगामी दिनमा मजदुर आन्दोलन अझै संगठित भइ अघि बढ्ने भावनात्मक आधार तयार गरेको छ । मानवीय संवेदना हराएको सामाजिक सञ्जालमा हो, अझै पनि भुईमान्छे माँझ मानवीय संवेदना नासिएको छैन । वर्गीय समाजमा उद्योगी व्यापारीका समस्याको सुनुवाइ हुने, उनीहरुको नाफा नोक्सार समस्याको हिसाबकिताव र आवाज उठ्ने स्वभाविक हो, मजदुरका दबिएका कमजोर आवाजलाई बेवास्ता गरे सडकमा आन्दोलनको आँधीबेहरी आउन सक्छ किनकि उनीहरु परिर्वतनका संवाहक हुन् । उनीहरु छिट्टै संगठित हुन्छन्, एकातिर उनीहरुको छिट्टै संगठित हुने प्रवृत्ति र अर्कोतिर सरकारी बेवास्ताले उनीहरुलाई संगठित हुने बलियो आधार तयार गरेको छ ।

अहिले मुलुक संक्रमणकालमा छ । चुनावी सरकार छ, तर सरकारले चुनाव गराउने गरी भन्दा अरु सामान्य अवस्थाको सरकार झै कतिपय दीर्घकाललाई प्रभाव पार्ने निर्णय गर्न लाग्दा सडकमा बल्न लागेको आगो निभाउने फुर्सद छैन । ट्रक लाइन र डेडिकेटेड लाइनको विवाद केही वर्षदेखि चल्दै आएको छ । उद्योगी व्यवसायीलाई अन्यायमा पर्न नदिने र प्राधिकरणको बक्यौता उठ्ने मोडलबाट समस्याको समाधान गर्नुपर्नेमा उर्जामन्त्री कुलमान घिसिङको जोरजबर्जस्तीले उद्योग बन्द हुँदा मजदुरको छाक टार्ने माध्यम खोसिएपछिको आक्रोश सडकमा पोख्न नै सरकारले प्रोत्साहित गरेको छ ।

छाक टार्न नपाएर सडकमा उत्रनेका समस्या सुन । संक्रमणकालमा सडकका समस्यालाई मिहिन ढंगले सुन । जोरजबर्जस्ती नगर । उद्योगी व्यवसायीलाई अपराधीको व्यवहार नगर । कामविहीन भएपछि छाक टार्न समस्या परेका मजदुरका समस्यालाई बुझेर समस्या समाधान गर्न लाग । उर्जामन्त्री घिसिङको जोरजबर्जस्तीको मारमा उद्योगी र मजदुर परेका छन् नै, यसले मुलुकको अर्थतन्त्रलाई झनै समस्यामा पार्ने जोखिम छ । बिग्रदै गएको लगानीको वातावरणलाई झनै बिगार्ने यो घटनाले थप बल पुऱ्याएको छ । जो उद्योगीले बक्यौता तिर्नुपर्ने कारण छैन, उनीहरुलाई दोषी करार नगर । प्रधानमन्त्री ज्यू, धरातलको समस्यालाई सुन्नुहोस्, समाधानका लागि पहलकदमी लिन ढिलाइ नगर्नुस् ।

# निर्वाचन राष्ट्रकै अर्जुनदृष्टि



दुर्योधन बस्नेत

अबको नेपाल परनिर्भर होइन, यहाँका असीमित स्रोतसाधनको सदुपयोग गरी अत्मनिर्भर बनोस् । हरेक सामान आयात गर्ने होइन, निर्यात गर्न सक्ने बनोस् र रेमिट्यान्सले देश चलाउने अवस्थाको अन्त्य होस् । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक हाम्रो देशमा अनगन्ती धार्मिक, साँस्कृतिक, पुरातात्त्विक, ऐतिहासिक धरोहर रहेका छन् ।

एउटा विषम परिस्थितिले निम्त्याएको जेनजी आन्दोलन सम्भावित ठुलो दुर्घटना टार्दै जसरी 'सेफ ल्यान्डिङ' भएको छ । आन्दोलनबाट सिर्जित परिस्थिति सहज बन्दै अधिकतम परिणाममुखी हुनुपर्ने थियो, तर विकसित घटनाक्रम नियाल्दा यस्तो हुन सकिरहेको छैन । राष्ट्रिय स्वार्थलाई प्राथमिकता दिनुपर्नेमा अझै पनि व्यक्तिगत, गुटगत र दलगत स्वार्थलाई प्राथमिकता दिँदै त्यसैलाई सर्वोपरि ठान्ने प्रवृत्ति देखिएको छ ।

आन्दोलनपश्चात् पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो । घोषित मिति २०८२ फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन गराएर निर्वाचित जनप्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्नु यसको प्रमुख काम हो । तसर्थ अन्य मुद्दामा नअल्झी निर्वाचनलाई अर्जुनदृष्टि बनाएर त्यसैमा पूर्णरूपमा लागिपर्नु जरुरी हुन्छ । यसका लागि जेनजी समूह, राजनीतिक दल, नागरिक समाज सबैले सक्दो सहयोग पुऱ्याउनु अपरिहार्य छ । यसको विपरीत जो कोहीले पनि अनावश्यक बखडा निकालेर आ-आफ्नो स्वार्थलाई अगाडि सारेर सरकारलाई दबाब दिनु, तनाव सिर्जना गर्नु उचित ठहरिँदैन । सरकार अन्य मुद्दामा अल्मलिन निर्वाचन सफल बनाउने अभियानमा लाग्नु पर्छ ।

यति बेला त्यो वा यो मानेमा कसैको चाहनामा जो कसैलाई कारबाही गर्ने, मुद्दा लगाउने, जेल हाल्ने जस्ता क्रियाकलापबाट सरकार अलग रहनु पर्छ । सरकार परिपक्व भएर आफ्नो मिसन सफल बनाउनतर्फ लाग्नु पर्छ । यदाकदा सुनिनमा आउँछ-फलाना, फलाना भ्रष्टाचारीलाई कारबाही गर । जेल हाल । नभए प्रधानमन्त्रीले राजीनामा दिनु पर्छ । कानुनी रूपमा छानबिन गरेपश्चात् दोषी प्रमाणित भएपछि कारबाही गर्नुपर्ने कानुनी प्रावधान होला । यही सरकारले छानबिन गरी कारबाही गरे कारबाही हुने नभए नहुने भन्ने पक्कै होइन । यसका लागि निर्वाचित सरकार बनिसकेपश्चात् पनि कारबाही गर्न सकिन्छ । दोषी प्रमाणित हुनु पऱ्यो । आवेगमा, आक्रोशमा आएर कसैले पनि सरकारलाई अनावश्यक दबाब दिनु उपर्युक्त हुँदैन । मनोगत ढङ्गले होइन वस्तुवादी भएर यो चुनावी सरकारलाई सहयोग पुऱ्याउँदा राष्ट्र र जनता दुवैको भलो हुने छ । प्रतिनिधि सभा भङ्ग भएको परिस्थितिमा यो सरकारको पहिलो प्राथमिकता भनेको प्रतिनिधि सभाको निर्वाचन गराएर देशलाई चाँडोभन्दा चाँडो निकास दिनु हो । यसका लागि सबै एकजुट भएर लाग्नु जरुरी छ ।

हो, भ्रष्टाचारीलाई, अपराधीलाई कानुनी कठघरामा उभ्याएर देशको कानुनबमोजिम सजायको भागी बनाउनै पर्छ । चाहे जोसुकै किन नहोस् । यसमा दुई मत नै छैन । यति बेला उपर्युक्त समय होइन भन्न खोजिएको मात्र हो । अबका दिनमा दण्डहीनताले प्रश्रय पाउनु हुँदैन । अपराधीले छुट पाउनु हुँदैन । निर्दोषले दण्ड पाउनु हुँदैन । जनताले कानुनी राज्यको महसुस गर्न पाउनु पर्छ । 'ठुलालाई चैन, सानालाई ऐन' को अहिलेको अवस्थाको अन्त्य हुनु पर्छ । जसले गर्दा अबका दिनमा कसैले पनि भ्रष्टाचार गर्ने हिम्मत गर्न नसकोस् । अपराध गर्ने आँट गर्न नसकोस् । त्यसपश्चात् बल्ल हामीले चाहेको सुशासन, शान्ति, अमनचयनसहितको समृद्ध नेपाल बन्न सक्छ । एउटा सुन्दर समाजको निर्माण हुन सक्छ । यसका लागि हामी सबै एकजुट भएर अब आउने निर्वाचन सफल बनाउनुपर्ने छ । निर्वाचनमा मत दिँदा 'हाम्रो मान्छे होइन, राम्रो मान्छे' लाई मत दिएर निर्वाचित गराउनु जरुरी छ । जसका कारण हाम्रो अमूल्य मत खेर नजाओस् । मतको दुरुपयोग नहोस् ।

आगामी निर्वाचित सरकार नेपाली जनताले परिकल्पना गरेको, चाहेको बनोस् जसले देशमा सुशासन, शान्ति, अमनचयन, समानता कायम गरी देशलाई समृद्ध बनाएर सुन्दर, शान्त र विशाल नेपालको निर्माण गरोस् । अबको नेपाल परनिर्भर होइन, यहाँका असीमित स्रोतसाधनको सदुपयोग गरी अत्मनिर्भर बनोस् । हरेक सामान आयात गर्ने होइन, निर्यात गर्न सक्ने बनोस् र रेमिट्यान्सले देश चलाउने अवस्थाको अन्त्य होस् । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक हाम्रो देशमा अनगन्ती धार्मिक, साँस्कृतिक, पुरातात्त्विक, ऐतिहासिक धरोहर रहेका छन् । हाम्रो देश अनुपम सुन्दर उत्कृष्ट कलाकृतिले सिङ्गारिएको छ । प्राकृतिक रूपमा त्यत्तिकै सुन्दर र रमणीय छ । यी सबै धरोहरलाई पर्यटकीय गन्तव्यका रूपमा विकसित गरौँ । त्यसै गरी हाम्रो देश कृषिप्रधान हो । हामीसँग थुप्रै कृषियोग्य जमिन छन् । आज ती सबै बाँझिएका छन । बन्जर बनेका छन् । अब बन्ने सरकारले एउटा दह्रो राष्ट्रिय नीति बनाओस् र ती बन्जर बनेका सबै कृषियोग्य जमिन पुनर्उत्पादनका लागि तयार गरोस् । यसका लागि कृषकलाई सहुलियत ऋणको व्यवस्था, उत्पादित वस्तु उचित मूल्यमा बिक्री गर्नका लागि बजारको व्यवस्था (ताकी दलालले कृषकलाई ठगी गर्न नपाओस्), आधुनिक कृषि औजारको व्यवस्था, समयमै मल, बिजनको व्यवस्था मिलाओस् ।

हाम्रो देश संसारमै भिन्न विशेषता बोकेको देशको रूपमा परिचित छ । हामीसँग हिमाल, पहाड र तराई अलग अलग भूगोल रहेका छन् । केवल आधा घण्टाको फरकमा रहेको बुधबारेमा अखण्ड गर्मी हुन्छ भने आधा घण्टाकै फरकमा रहेको इलामको भूभागमा जाडो हुन्छ । जकेट लगाउनु पर्छ । संसारमै नपाइने विशेषता हो यो । यिनै विशेषतासँगै हामीसँग प्रसस्तै प्राकृतिक स्रोतसाधन रहेका छन् । अलग अलग भूगोलमा अलग अलग वन्यजन्तु, वनस्पति, रुख बिरुवा, चराचुरुङ्गी, कीटपतङ्ग, हावापानी पाइन्छ । मानिसको संस्कार, संस्कृति, रीतिरिवाज, चालचलन, लवाइखवाइ पनि अलग अलग भेटिन्छ । तिनै भिन्न विशेषता भएका प्राकृतिक स्रोतसाधनको सदुपयोग गरेर जडीबुटीजन्य, कृषिजन्य, वनस्पतिजन्य उद्योग सञ्चालन गरेर रोजगारीको सिर्जना गर्न सके रोजगारीका लागि युवा विदेसिनुपर्ने अवस्था रहँदैन । आगामी निर्वाचित सरकारले यिनै विषयमा गम्भीर भएर ध्यान पुऱ्याओस् र एउटा आत्मनिर्भर, स्वाभिमान र सबल राष्ट्र निर्माण गरोस् । यसका लागि आगामी निर्वाचित जनप्रतिनिधि व्यक्तिगत, दलगत स्वार्थभन्दा माथि उठ्नु जरुरी हुन्छ । आफ्नो, आफ्नो परिवारको, आफन्तको हितका लागि पद र कुर्सीको दुरुपयोग होइन, राष्ट्रको हितका लागि पदको सदुपयोग गर्नुपर्ने हुन्छ । इच्छाशक्तिलाई देश निर्माणमा लगाउनुपर्ने हुन्छ । यसैमा सबैको हित हुन्छ, भलो हुन्छ ।

गोपबाट

# आकस्मिक स्वास्थ्य समस्याका लागि जान्नैपर्ने सीपीआर




सामाजिक सञ्जाल र अनलाइन समाचारहरूमा एउटा समाचार आइरहेको थियो । प्रायः समाचारको शीर्षक थियो, 'मजदुर अगुवा गौतम मजदुरकै निम्ति लड्दा लड्दै अस्ताए', र केहीमा चाहिँ 'कुलमानको विरोध गर्दै अस्ताए, जिफन्टका उपाध्यक्ष' भनेर लेखिएको थियो । समाचारसँग एउटा भिडियो पनि प्रकाशित भएको थियो, जसमा उहाँ बोल्दै गर्दा नै बेहोस् हुनुभएको देखिन्छ ।

भिडियोमा उहाँ बोल्दै गर्दा बेहोस् हुनुभन्दा केही सेकेन्डअघि दायाँ हातले छेउमा केही वस्तु समात्नुभएको देखिन्छ र सो वस्तु समातेको केही क्षणमै ढल्नु भएको हुन्छ । वरिपरि थुप्रै मानिसहरू रहेका देखिन्छन् । उहाँ बेहोस् भइसकेपछि कसैले टाउको, कसैले खुट्टा समातेर बोकेर भिडबाट निकाल्न थालेका छन् । भिडियोमा सुनिनेजस्तै, कसैले 'पानी ल्याउ, पानी !' भनेको सुनिन्छ, अनि कसैले 'गाडी ल्याउ, हाम्रो गाडी ल्याउ !' भनेर पनि चिच्याइरहेको हुन्छ । त्यसपछि उहाँलाई त्यहाँबाट लगिएको देखिन्छ ।

भिडियो हेर्दा लाग्छ, यदि त्यहाँ सामान्य प्राथमिक उपचार (First Aid) को ज्ञान भएको व्यक्ति उपस्थित भएको भए, बेहोस् भएपछि तुरुन्तै मृत घोषित गर्नु पर्ने थिएन ।

त्यसैले यो घटनाले जिफन्टजस्ता राजनीतिक भातृसंस्था, विद्यालयका विद्यार्थी, सरकारी कर्मचारी र समुदाय सबैका लागि अब अझ सशक्त रूपमा प्राथमिक उपचार र कार्डियोपल्मोनरी रिससिटेशन (CPR) सिकाउनुपर्ने आवश्यकता औंल्याएको छ ।

हिजोको भिडमा यदि तत्काल सीपीआर (CPR) सुरु गरेर अस्पताल पुऱ्याइएको भए, उहाँलाई बचाउन सकिने सम्भावना उच्च हुन्थ्यो । भिडियोमा सुन्न सकिन्छ, 'पानी छम्किनेसम्म त ठिकै हो, तर बेहोस् मानिसलाई पानी खुवाउँदा त्यो फोक्सोमा जान सक्छ र मृत्यु अझ छिटो हुन सक्छ ।'

त्यसैले अब सीपीआर र प्राथमिक उपचारसम्बन्धी शिक्षा माध्यमिक तहमा अनिवार्य बनाउनुपर्छ ।

सरकारी कर्मचारीहरूले लोकसेवा परीक्षा पास गरी नियुक्ति पाउँदा अनिवार्य रूपमा यो तालिम लिनु पर्ने व्यवस्था गर्नुपर्छ । अन्य कार्यालयहरूले पनि हरेक वर्ष एक दिन भए पनि प्राथमिक उपचार तालिम अनिवार्य रूपमा सञ्चालन गर्नुपर्छ । समुदाय तहमा पनि यसबारे सचेतना फैलाउन अत्यावश्यक छ, आकस्मिक अवस्थामा आवश्यक सीपीआर ***(Cardiopulmonary Resuscitation)*** विधि ।

हृदयघात, निसास्सिने, पानीमा डुब्ने, वा अन्य कारणले श्वास-प्रश्वासमा समस्या आइ बेहोस् भएका बिरामीलाई तुरुन्त सीपीआर (CPR) दिन सकिन्छ, जसले ज्यान जोगाउन मद्दत पुऱ्याउँछ ।

**पहिलो चरण**

घाइते, बिरामी वा बेहोस् व्यक्तिलाई सहयोग गर्न वरपरका मानिसलाई आग्रह गर्ने र तुरुन्तै एम्बुलेन्स वा आपतकालीन नम्बरमा सम्पर्क गर्न लगाउने ।

**दोस्रो चरण**

बिरामीलाई ढाडतर्फ सिधा पारेर भुइँमा सुताउने । उठाउँदा टाउको, शरीर र खुट्टा तिर तीन जनाले समातेर सावधानीपूर्वक सुताउने। सतह कडा र समथल हुनुपर्छ ।

**तेस्रो चरण**

बिरामी साँच्चै अचेत छन् कि भनेर उनको नाम बोलाउने, शरीर हल्लाउने, र रुद्रघण्टीको छेउमा चाल महसुस गर्ने ।

यदि चाल छैन भने तुरुन्त सीपीआर सुरु गर्नुपर्छ, जसले मस्तिष्क र मुटुमा रगत र अक्सिजनको प्रवाह कायम राख्छ ।

अचेत भएको ६ देखि ८ मिनेटभित्र सीपीआर सुरु गर्न सके बिरामीलाई बचाउने सम्भावना धेरै हुन्छ ।

**चौथो चरण**

छातीको हाडको बिचमा हातको हत्केलाको डिल राख्ने । अर्को हात माथि राखेर औंलाहरू जोड्ने । हात सिधा राख्दै करिब २ इन्च गहिरो र प्रति मिनेट १००-१२० पटक छातीमा दबाब दिनुहोस् ।

यदि आफैँ थकित हुनु भयो भने अर्को व्यक्तिले निरन्तरता दिनु पर्छ ।

छाती थिच्दा करङ भाँचिन सक्छ, तर त्यसले डराउनु पर्ने कारण हुँदैन, हाड पछि जोडिन्छ, तर सीपीआर नदिँदा ज्यान जान सक्छ ।

**पाँचौं चरण**

चिकित्सक नआएसम्म वा बिरामीले आफैं श्वास फेर्न सुरु नगरेसम्म सीपीआर निरन्तर दिनुपर्छ ।

प्रत्येक ३० पटक दबाब दिँदा पछि बिरामीको चिउँडो अलिकति माथि उठाएर, नाकको प्वाल बन्द गरी मुखमा मुख जोडेर २ पटक लामो श्वास दिनुहोस् ।

यो प्रक्रिया एम्बुलेन्स नआउँदासम्म निरन्तर दोहोऱ्याउनुपर्छ । भिडियो हेर्दा पनि बुझिन्छ, यदि तपाईंलाई सीपीआरको तालिम छैन वा यसको विधि स्पष्ट थाहा छैन भने पनि दुई हातले छाती थिच्ने कार्य मात्र गरे पनि ठूलो फरक पार्न सक्छ । त्यसैले यो जीवनरक्षक सीप अब हरेक वडा, समुदाय, माध्यमिक विद्यालय, सरकारी कर्मचारी, प्रहरी, सेना सबैलाई सिकाउनुपर्छ ।

त्यस्तै, सहज भाषामा बुझिने श्रव्य-दृश्य सामग्री तयार पारेर सबैको पहुँचमा पुऱ्याउनु पनि अत्यन्त जरुरी छ ।

(डोल्पाका डा. उपाध्यय मेडिकल अधिकृत हुन् । )

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचक एक दशमलव १८ प्रतिशतले बढ्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक आइतबार ३० दशमलव ७५ अङ्कले बढेर दुई हजार ६३१ दशमलव १४ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव १८ प्रतिशतको वृद्धि हो ।

३१९ कम्पनीको दुई करोड ९७ लाख ३८ हजार १३९ कित्ता शेयर ६८ हजार ११२ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब २० करोड ३१ लाख ४६ हजार ४२९ दशमलव ५१ को कारोबार भएको छ । व्यापार समूह एक दशमलव १० प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा बढी वित्त समूह पाँच दशमलव १७ र जीवन बिमा समूह चार दशमलव ३५ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव २९, विकास बैंक शून्य दशमलव ९०, होटल तथा पर्यटन एक दशमलव २०, जलविद्युत् एक दशमलव १८, लगानी शून्य दशमलव ८०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९६, लघुवित्त एक दशमलव ३८, म्युचुअल फण्ड शून्य दशमलव १०, निर्जीवन बिमा एक दशमलव ३३ र अन्य समूह एक दशमलव २३ प्रतिशतले बढेको छ ।

कारोबारमा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, गुराँस फाइनान्स लिमिटेड, पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड, पिपुल्स पावर लिमिटेड र तेह्रथुम पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी चार दशमलव ७६ प्रतिशतले घटेको छ ।

कारोबार रमक र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी हिमालयन बैंक लिमिटेड प्रमोटरको शेयर रु एक अर्ब ६६ करोड ५० लाख ५९ हजार ७६ बराबरको एक करोड ४० लाख छ हजार २१७ कित्ता किनबेच भएको छ ।

# लोकमार्ग कालोपत्र नभएपछि स्थानीयद्वारा ध्यानाकर्षण



गलकोट (बागलुङ) । निर्माण व्यवसायीको लापरबाहीका कारण बागलुङको मध्यपहाडी पुष्पलाल लोकमार्गको बिहुँखण्ड अलपत्र परेपछि स्थानीयले शीघ्र काम गर्नुपर्ने भन्दै सरोकार भएका निकायलाई ध्यानाकर्षण गराएका छन् ।

निमार्णाधीन सडक अलपत्र हुँदा आसपासका क्षेत्रमा ढुङ्गा, कङ्क्रिटका कारण खेतीपाती हुन छोडेको, सुन्तलाखेती नभएको र धुलोका कारण स्वास्थ्य बिग्रिएको बताउँदै स्थानीयले आइतबार बागलुङका प्रमुख जिल्ला अधिकारीसमक्ष ध्यानाकर्षण पत्र बुझाएका हुन् ।

ध्यानाकर्षण पत्र बुझाउँदै उनीहरूले ठेकेदारले तत्कालै काम नगरे आगामी मङ्सिर १ गतेदेखि सडक बन्द गर्ने चेतावनी दिएका छन् । दुई वर्षमा कालोपत्र भइसक्ने लोकमार्गको बागलुङ खण्डअन्तर्गत २६ किलोमिटर नौ वर्षसम्म पनि १२ कालोपत्र हुन सकेको छैन । लोकमार्गको बागलुङ बजारबाट घोडाबाँधे खण्डको २६ किमी सडक कालोपत्रका लागि ठेक्का सम्झौता गरेको नौ वर्षसम्म पनि अलपत्र बनेको छ ।

बिहुँ खण्डको १३ किमी सडक पाँच पटक म्याद थप्दा कालोपत्र नभएपछि ठेक्का रद्द गरेर नयाँ सम्झौता गरिएको थियो । नयाँ ठेक्का सम्झौता गरेको एक वर्ष बित्दा भौतिक प्रगति १२ प्रतिशत मात्रै भएपछि स्थानीयले जिल्ला प्रशासन कार्यालयको ध्यानाकर्षण गराएका हुन् ।

बागलुङको काठेखोला गाउँपालिका-५ र ६ का स्थानीयले प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई ध्यानाकर्षण गराउँदै तत्काल काम अघि बढाउन आग्रह गरिएको गराइएको स्थानीय भरतप्रसाद सापकोटाले बताए । उनले लोकमार्ग आयोजना कार्यालय पर्वत र निर्माण व्यवसायीले स्थानीयको माग अटेर गरेका भन्दै समस्या समाधानका लागि आग्रह गरिएको उनको भनाइ छ ।

काठेखोला गाउँपालिका-५ का वडाध्यक्ष ज्ञामनाथ कँडेल र ६ का वडाध्यक्ष बृहस्पति कँडेलको नेतृत्वमा जिल्ला प्रशासन पुगेको स्थानीयको टोलीले मध्यपहाडी लोकमार्गको तत्काले काम सुरु नभए आगामी मङ्सिर १ गतेदेखि बागलुङको बिहुँ खण्ड पूर्णरूपमा बन्द गर्ने चेतावनी दिएका छन् । स्थानीयसहित पुगेको टोलीले सडक बन्दको चेतावनीसहित जिल्ला प्रशासन कार्यालयमा चारबुँदे ध्यानाकर्षण पत्र बुझाएको वडाध्यक्ष कँडेलले बताए । मङ्सिरसम्म जिल्ला प्रशासन कार्यालय, मध्यपहाडी लोकमार्ग र निर्माण व्यवसायीबिच बैठक बसेर काम अघि बढाउन पहल गर्ने प्रजिअ गुरुङले प्रतिबद्धता जनाए । मध्यपहाडी लोकमार्गको बागलुङ खण्ड १४० किमीमध्ये सबै सडक कालोपत्र सकिँदा बिहुँ खण्डको १२ किमी अलपत्र बनेको हो ।

बिहुँ-घोडाबाँधे खण्डको १३ किमी सडक आठ वर्षमा पनि कालोपत्र नभएपछि ठेक्का तोडेर विसं २०८१ असार २१ गते दुई वर्षमा काम सक्नेगरी तामाङ/रिजाल भगवती जेभीसँग रु २१ करोड ४९ लाखमा ठेक्का सम्झौता भएको थियो । उक्त खण्डको हालसम्मको भौतिक प्रगति १२ प्रतिशत मात्रै भएकाले बिहुँवासीले चेतावनी दिएका खिमानन्द कँडेलले उल्लेख गरे ।

# एकदेव आले स्मृति प्रतिष्ठान अध्यक्षमा भण्डारी




बुटवल । एकदेव आले स्मृति प्रतिष्ठान नेपालले आइतबार सम्पन्न दोस्रो अधिवेशनबाट लोकनाथ भण्डारीको अध्यक्षतामा २३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ ।

नवनिर्वाचित कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष मोहनलाल पाण्डे, उपाध्यक्षहरू खड्कबहादुर क्षेत्री, सीता पौडेल र खड्कबहादुर कौशल, महासचिव दिनेश भुषाल, सचिवहरू लोकनाथ पाण्डे, लिलाधर खनाल र खगेश्वर काफ्ले, तथा कोषाध्यक्ष नारायण पौडेल रहेका छन् ।

त्यस्तै, सदस्यहरूमा विमला भट्टराई, सरस्वती घिमिरे कणेल, डोलबहादुर कुँवर, डोलबहादुर रेश्मि, गोपाल रेश्मि, भिमप्रसाद बस्याल, ऋषिराम शर्मा, भोजबहादुर खड्का, खगेन्द्र पौडेल, बालुराम भण्डारी, भिमलाल घिमिरे, प्रकाश पौडेल र इस्वरी भण्डारी रहेका छन् ।

लेखा समितिको प्रमुखमा रवि तिमिल्सिना, सदस्यहरूमा कृष्ण पालुवा र दिलु शाही के.सी. चयन भएका छन् । साथै, नेत्र पोखेलको नेतृत्वमा सल्लाहकार समिति गठन गरिएको छ, जसमा प्रतिष्ठान र प्रवासी आन्दोलनमा सक्रिय वरिष्ठ व्यक्तिहरू समावेश गरिएका छन् ।

कार्यक्रमका विशेष क्षणमा प्रतिष्ठानका संस्थापक अध्यक्ष गुरुप्रसाद शर्माले नवनिर्वाचित पदाधिकारीहरूलाई पद तथा गोपनीयताको शपथ गराएका थिए ।

सो अवसरमा एकदेव आले स्मृति तथा चिन्तन प्रतिष्ठान नेपाल, दमौली-तनहुँका संरक्षक प्रतापलाल श्रेष्ठले बधाई तथा शुभकामना मन्तव्य व्यक्त गर्दै नयाँ नेतृत्वलाई सफल कार्यकालको शुभेच्छा व्यक्त गरेका थिए ।

# अनलाइन सञ्चारमाध्यम दर्ता र सञ्चालन सूचना विभागबाटै

बुटवल । अनलाइन सञ्चारमाध्यमको दर्ता तथा सञ्चालनका लागि अब विभिन्न निकाय धाउनु नपर्ने भएको छ ।

अनलाइन दर्ता, नवीकरण र प्रेस प्रतिनिधि प्रमाणपत्रका लागि कागजात विभिन्न निकायलाई बुझाउनुपर्ने झन्झट अन्त्य भइ अबदेखि एकै ठाउँमा कागजात बुझाए पुग्ने भएको हो । सूचना तथा प्रसारण विभागले अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणलगायतका काम सूचना तथा प्रसारण विभागबाटै हुने जनाएको छ ।

विभागले अनलाइन सञ्चारमाध्यमको दर्ता तथा सञ्चालनको अभिलेख राख्ने र सो अभिलेख विभागले नै नियमित रुपमा काउन्सिललाई उपलब्ध गराउने छ। यसले विभिन्न निकायमा कागजात बुझाउनुपर्ने झन्झटको अन्त्य भएको छ । साथै प्रेस काउन्सिलले रु तीन हजार शुल्क लिई अभिलेख सूचीकरण र अभिमुखीकरण गर्दै आएकामा अब सो रकम पनि तिर्न नपर्ने भएको छ ।

यसअघि सोही कामका लागि भिन्नभिन्न कागजपत्र बुझाउनुपर्ने झन्झटबारे गुनासो आए पछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको समन्वयमा विभागले एकद्वार प्रणाली लागू गरेको हो । यसले सेवाग्राहीलाई सहज हुनका साथै सेवा प्रवाह पनि प्रभावकारी हुने मन्त्रालयको विश्वास छ ।

सूचना विभागले आइतबार सूचना प्रकाशित गरी अनलाइन सञ्चारमाध्यमको अभिलेख विभागले नै नियमित रुपमा प्रेस काउन्सिललाई उपलब्ध गराउने र अभिलेख अद्यावधिक गर्ने प्रयोजनका लागि सेवाग्राहीले पुनः दर्ता प्रमाणपत्रसहितका कागजात प्रेस काउन्सिलमा बुझाउनु नपर्ने जानकारी गराएको छ ।

नेपाल राजपत्रमा २०८२ कात्तिक १३ गते प्रकाशित सूचनाअनुसार नेपाल सरकारले छापाखाना र प्रकाशनसम्बन्धी दोस्रो संशोधन नियमावली, २०८२ जारी भएको छ । उक्त नियमावलीमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा सञ्चालनसम्बन्धी व्यवस्था गरिएको छ । सोही नियमावलीको नियम ८ (ज) मा सूचना तथा प्रसारण विभागले नियम ८ (क) को उपनियम (४) बमोजिम प्रमाणपत्र प्राप्त गरेका अनलाइन सञ्चार माध्यमको अभिलेख राख्नु पर्ने व्यवथा गरेको छ । सोही व्यवस्था बमोजिम सञ्चारमाध्यमको अभिलेख विभागले नै नियमित रुपमा काउन्सिललाई उपलब्ध गराउने छ ।

प्रेस काउन्सिल नेपालले पनि आइतबारै सूचना प्रकाशित गरी संशोधित छापाखाना तथा प्रकाशन नियमावली, २०८२ नेपाल राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा आएकाले अनलाइन सञ्चारमाध्यमको अभिलेख तथा सूचीकरण प्रेस काउन्सिलले गर्ने गरी कानुनी व्यवस्था नभएको हुँदा उक्त कार्य प्रेस काउन्सिल नेपालबाट नहुने र अबदेखि सूचना तथा प्रशारण विभागबाटै हुने स्पष्ट पारेको छ ।

प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झविन्द्र भुसालले संशोधित नियमावलीअनुसार अनलाइनको अभिलेख सूचना विभागले राख्ने र काउन्सिलले अनुगमनको काम गर्ने बताए । उनका अनुसार यसभन्दा अगाडि पत्रकारले विभिन्न निकायमा छुट्टाछुट्टै कागजात बुझाउनुपर्ने प्रावधान थियो । अब अभिलेख विभागलेराख्नेरकाउन्सिलले अनुगमनको काम गर्नेछ ।

अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका-२०७३ (पहिलोसंशोध,२०७४) मा दर्ता भएका अनलाइन सञ्चारमाध्यमको अभिलेख प्रेस काउन्सिलले राख्नुपर्ने साथैपत्रकारआचारसंहिता पालना गरे/नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षणसमेत गर्ने व्यवस्थाबमोजिम काउन्सिलले मापदण्ड बनाई रु तीन हजार शुल्क लिई अभिलेख, सूचीकरणरअभिमुखीकरण गर्दै आएकामा केही नेपाल ऐन संशोधन गर्ने ऐन संशोधन गरी सोही बमोजिम छापाखाना तथा प्रकाशन (दोस्रो संशोधन) नियमावली आएको हो ।

यसअघि प्रेस काउन्सिल नेपालले सञ्चारमाध्यमको रुपमा सञ्चालन हुने अनलाइनलाई व्यवस्थित गर्दै जाने उद्देश्यका साथ २०७० साउन १६ गतेदेखि अनलाइन सूचीकरण प्रारम्भ गरेको थियो । ततपश्चात् नेपाल सरकारले २०७३ चैत ७ गतेबाट लागू हुने गरी अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ जारी गरी कार्यान्वयन हुँदै आएको थियो ।

सञ्चार मन्त्रालयको जिम्मेवारी सम्हालेदेखि नै सञ्चारमन्त्री जगदीश खरेलले सञ्चारमाध्यमसँग सम्बन्धित काम कारबाहीलाई सहज र प्रभावकारी बनाउन एकद्वार प्रणाली लागू गर्न निर्देशन दिँदै आएका छन् । मन्त्री खरेलले विभिन्न सञ्चारमाध्यमका पत्रकार तथा सञ्चारकर्मीसँग अन्तर्क्रिया तथा छलफल निरन्तर गर्दै आएका छन् ।

## लघु...

मिटर व्याज पीडितहरुले सावाको कति गुना बढी पैसा दिँदा पनि साहुहरुले बक्यौता कहिले न घटाउने भएकोले त्यस्ता नियमविपरीतका तमसुकलाई खारेज गरिनु पर्छ । साहु महर्जनहरुले सोझा जनताको हडपिएको जग्गा सम्पत्ति फुकुवा होस् र अदालती प्रक्रियामा एकलौटी भएको फैसलामा विचार गर्नुपर्ने उनले बताए ।

लघुवित्त खारेज गर्नुपर्ने माग मुख्य भए पनि त्यो गर्न नसके एक अंकमा व्याजदर कायम गर्नुपर्ने, शोषण र पीडितलाईप्रताणित गर्नबाट रोकिनुपर्ने उनीहरुको माग छ । पीडितहरुले लघुवित्तको कारणले परिवार उजाडिन पुगेको, शोषणमा परि आत्महत्या तथा ज्यान गुमाएको, ऋण तिर्दा समेत बैंकहरुले कालोसूचीमा राखेको बताए ।

लघु वित्तीय संस्थाहरुले राष्ट्र बैंकको नियम नमानेर ऋण प्रवाह गरेर सास्ती दिएको, ऋणीको क्षमता नबुझी कर्जा प्रवाह गरेर अहिले दुःख दिइरहेको र ऋणीलाई बिचल्ली समेत बनाएको पीडितहरुले गुनासो गरे ।

भैरहवाको नगर परिक्रमा गरि विरोध प्रदर्शन सिडियो कार्यालयमा ज्ञापन पत्र बुझाउँदै कोणसभामा परिणत भएको थियो ।

### श्री बाल कल्याण आधारभूत विद्यालय

तिलोत्तमा - १७. मूडियारी, रूपन्देही, लुम्बिनी प्रदेश

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

मिति :- २०८२/०७ /१६

यस श्री बाल कल्याण आधारभूत विद्यालय तिलोत्तमा १७ मुडियारीमा रिक्त रहेको प्रा.वि दरबन्दीमा शिक्षक पदका लागि तिलोत्तमा नगरपालिकाको च.नं. ९१२ तथा मिति २०८२।०७।१४ को सिफारिस पत्र तथा शिक्षा विकास तथा समन्वय इकाइ भैरहवाको च.नं २९९ तथा मिति २०८२/०७/१४ को अनुमति पत्र तथा मिति २०८२/०७/१६ गते बसेको वि.व्य.स को निर्णय अनुसार देहाय बमोजिम शिक्षक आवश्यकता भएकोले इच्छुक नेपाली नागरिकबाट रित पूर्वक दरखास्त आव्हान गरिन्छ।

**तपशिल**

१. विज्ञापन नं :: २०८२/२०८३/०१ २. तह र श्रेणीः प्रा.वि तह तृतीय श्रेणी
३. किसिमः अस्थायी करार ४. संख्याः१ जना
५. शैक्षिक योग्यताः मान्यता पाप्त शिक्षण संस्था बाट माध्यमिक तह कक्षा १२ उतीण गरेको वा सो सरह तथा अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्ने ।
६. दरखास्त दिने अन्तिम मितिः २०८२/०८/०३ गते ४.०० बजे सम्म
७. दरखास्त दस्तुरः रु १००० अक्षरुपी एक हजार रुपैया मात्र
८. सम्पर्क मिति : २०८२/०८/०४ गते
९. परीक्षाको किसिम अबलोकन : लिखित अन्तरवार्ता तथा आवश्यकता
१०. परीक्षा मितिः सम्पर्क मितिमा तोकिने छ ।
११. उमेर हदः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाल सरकारको नियमानुसार
१२. तलब स्केलः उमेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरु क) शैक्षिक योग्ताको प्रमाण पत्रको प्रतिलिपि (ख) अध्यापन अनुमति पत्रको प्रतिलिपि ग) नेपाली नागरिकताको प्रतिलिपि घ) निवेदन

**नोटः विस्तृत जानकारीका लागि श्री बाल कल्याण आधारभूत विद्यालयको कार्यालय तथा निम्न लिखित नम्बर ९८४७०३६७७९, ९८४९८९८९७३, ९८२७४९१९३० मा सम्पर्क गर्न सकिने छ ।**

**पुनश्च : नेपाल सरकारको करार लिष्टमा भएका उमेदवारको दरखास्त आएमा नयाँ दरखास्त स्वत खारेज हुने छ ।**

**प्रधानाध्यापक**

### भूल सुधार

यस राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा मिति २०८२/०७/१४ मा प्रकाशित मध्यविन्दु नगरपालिकाको सूचनामा Construction of Khusi park infront of Nagar aspatal, 08/NCB/MB/WORKS/ 2082/83 Last date and time of bid submission 2025-12-01, 12:00 pm, Bid Opening Date and Time 2025-12-01, 14:00 हुनुपर्नेमा अन्यथा भएको जानकारी गराईन्छ ।

### विनयी त्रिवेणी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**नवलपरासी,बर्दघाट सुस्तापुर्व**

**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशन मितिः २०८२/०७/१७

यस कार्यालयबाट विभिन्न मितिमा तपसिल बमोजिम कार्यको लागि आह्वान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को प्रयोजनाथ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

**तपशिलः**

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम मु.अ.क.सहित |
|---|---|---|---|---|
| 1 | 03/BTRM/ NCB/Goods/ 2082-083 | Procurement and Installation of Integrated Digital Learning Solutions for Schools, Including Interactive Displays, Zero Client-Based Digital Library, E-Learning System, and Centralized Student Information Management | E-Achievement Holdings, Khicha pokhari-22, Newroad, Kathmandu, Nepal | 1,40,39,685.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

### लुम्बिनी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

**लुम्बिनी प्रादेशिक अस्पताल,बुटवल**

**बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मितिः** २०८२/०७/१७

यस अस्पतालबाट नन्ति २०८२-५-१३ गते प्रकाशित सूचना अनुसार तपसील उल्लेखित ठेक्का नं हरुमा रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरू मध्य तपसिल बमोजिमको बोलपत्रदाताहरूले पेश गरेको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिई छनौट भएकाले सार्वजनिक खरिद नियावली २०६४ (संसोधन सहित) को नियम ३१ (ङ) ५ अनुसार आर्थिक प्रस्ताव खोली मूल्यांकन गर्ने प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिन्छ ।

**तपसिल**

| क्र.सं | ठेक्का नं | प्राविधिक प्रस्तावबाट सारभूत रुपमा प्रभावग्राही ठहरिएका बोलपत्रदाताको नियावली | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | LPH-NCB-WORKS-20-2082-083 | श्री गौतम बिल्डर्स, भरतपुर-३, चितवन | लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल, रूपन्देही मितिः २०८२/०७/२४ समयः १३:०० २ |
| २ | | श्री बसन्त निर्माण सेवा बुटवल, रुपन्देही | |

**मेडिकल सुपरिटेण्डेण्ट**

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी



**विरोध तथा धर्नाः**
रोजगारदाता र विद्युत् प्राधिकरणबिचको विवादका कारण मजदुरको रोजीरोटी खोस्न पाइँदैन भन्दै सिमेन्ट उद्योगको बिजुली लाइन काटिएको विरोधमा आइतबार नेपाल विद्युत् प्राधिकरण घोराही वितरण केन्द्रमा धर्ना कार्यक्रममा सहभागी श्रमिक । धर्ना कार्यक्रममा घोराही सिमेन्ट उद्योग र सोनापुर सिमेन्ट उद्योग, दूधरासका स्वतन्त्र मजदुर ट्रेड युनियनका दुई सयभन्दा बढी श्रमिकको सहभागिता थियो । तस्विरः कुलदीप न्यौपाने/रासस

# युवा संघद्वारा निकोलसलाई रूपन्देही प्रवेशमा निषेध



बुटवल । नेकपा एमालेको भ्रातृ संगठन युवा संघ नेपाल, रुपन्देहीले समाजमा हिंसा भड्काउने अभिव्यक्ति दिँदै हिँडेको भन्दै डा. कमल भूसाल (निकोलस) लाई तत्काल पक्राउ गरी कारबाही गर्न माग गरेको छ । भूसालले एमाले अध्यक्ष केपी शर्मा ओलीलगायत विभिन्न नेताहरूको घर जलाउने र घेरा हाल्ने जस्ता हिंसात्मक अभिव्यक्ति दिँदै आएको भन्दै युवा संघले कारबाहीको माग गरेको हो ।

आइतबार बसेको संघको बैठकले भुसाललाई तत्काल पक्राउ गरी आत्मालोचनासहित कडा कारबाही नगरेसम्म रुपन्देही प्रवेशमा रोक लगाउने निर्णय गरेको अध्यक्ष कृष्ण कुमालले जानकारी दिए ।

रुपन्देहीको सैनामैना घरमा भएका भूसाललाई प्रहरीले कारबाही नगरे युवा संघले गर्ने कुमालले चेतावनी दिए । देशमा विखण्डनकारी, समाज भड्काउने, अराजकता सृजना गर्ने, समाजलाई भड्काउने स्टाटस लेख्नेहरू कानुनी दायरामा आउनुपर्ने युवा संघका रुपन्देही इञ्चार्ज केशव रोक्काले बताए ।

प्रहरीले उनका गतिविधिलाई निगरानीमा राखेको छ ।

### युनिभर्सल मेडिकल कलेज :

# नर्सका सबै माग पूरा, फर्किए सेवामा



भैरहवा । सरकारी सरह तलब सुविधासहितका विभिन्न माग राखेर आन्दोलनमा उत्रिएका नर्स र निजी अस्पताल प्रतिनिधिबिच सहमति भएको छ ।

स्वास्थ्य मन्त्रालयकाअनुसार शनिबार साँझ २३ बुँदे सहमति भएको छ ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार स्वास्थ्य मन्त्रालयमा नर्सहरूको माग सम्बोधन गर्न भएको वार्तामा सहमति भएको हो ।

डा. बुढाथोकीका अनुसार निजी मेडिकल कलेजहरु र ठूला निजी अस्पतालले कात्तिक महिनादेखि नै पूर्णरूपमा सरकारी पाँचौं तह अर्थात् ३४,७३० रुपैयाँ तलब दिने सहमति भएको छ । अन्य निजी अस्पतालहरूले भने हाललाई २७ हजार ७८४ तलब दिने र एक महिनाभित्र अस्पतालको वर्णीकरण गर्दै सरकारी सरह नै पुऱ्याउने सहमति भएको डा. बुढाथोकीले बताए ।

तर सहमतिमा पाँचौं तह सरह नै सेवा सुविधा नभएको भन्दै कार्यदलका सहभागी नर्स ज्योति रानाभाटले भने सहमतिपत्रमा हस्ताक्षर गर्न अस्वीकार गरेकी छिन् ।

केन्द्रमा भएको सहमतिअनुसार भैरहवाको युनिभर्सल मेडिकल कलेज शिक्षण अस्पतालले पनि नर्स र पारामेडिक्सका माग पूरा गर्न सहमत भएको छ । सहमति भएसँगै आन्दोलन स्थगित भई सेवा सुचारु भएको छ । यहाँ कार्तिक २ गतेदेखि नर्सहरु आन्दोलित रहेका थिए ।

सम्पूर्ण सेवा अवरुद्ध गरी विभिन्न १२ बुंदे मागसहित आन्दोलनमा उत्रेका उनीहरुको माग सम्बोधन भएपछि आइतबारबाट सेवा पूर्णरुपले सुचारु भएको छ ।

युनिभर्सल मेडिकल कलेजका २ सय २० जना कर्मचारी आन्दोलित बनेपछि इमरजेन्सीसहितको सबै सेवा अवरुद्ध हुन पुगेको थियो । युनिभर्सल मेडिकल कलेजका प्रमुख वित्तीय अधिकृत सुरज पौडेलले सरकार र देशव्यापी आन्दोलित नर्सहरुबिचको सहमतिले सबै माग सम्बोधन भएको जानकारी दिए ।

# एमालेद्वारा युथ भोलेन्टियर फोर्स घोषणा



बुटवल । नेकपा एमालेले युथ भोलेन्टियर फोर्सको घोषणा गरेको छ । आइतबार भक्तपुरको गुण्डुमा जनसंगठन समन्वय संयन्त्रले आयोजना गरेको विशेष भेलाले युथ भोलेन्टियर फोर्सको घोषणा गरेको हो ।

कार्यक्रममा एमाले अध्यक्ष केपी शर्मा ओली र उनकी पत्नि राधिका शाक्यको उपस्थिति थियो ।

कार्यक्रममा पोलिटब्युरो सदस्य महेश बस्नेतले युथ भोलेन्टियर फोर्सको केही आचारसंहिता पनि बनाएको बताए ।

उनले भने–'हामीले भक्तपुरमा पहिलो पटक युथ भोलेन्टियर फोर्सको घोषणा गरेका छौं । साथै भक्तपुरबाहेक ललितपुर, काठमाडौं, काभ्रे, रामेछापलगायतका जिल्लामा घोषणा गर्नेछौं ।'

उनकाअनुसार यो युथ फोर्स घोषणा गर्नमा मधेश, पहाड र हिमालका संगठनका साथीहरूले साथ दिएका छन् ।

नेता महेश बस्नेतका अनुसार केपी ओली गुण्डुमा बस्न थालेपछि दुई महिनादेखि युवाहरु त्यस क्षेत्रमा खटिएका छन् । '२ महिनामा २ हजार युवा खटे । गुण्डुवासीको तर्फबाट कुनै गुनासो आएको छैन ।'– उनले भने ।

पुष्प श्रेष्ठ, अमित पौडेललगायतले अहिलेसम्म समन्वय गरेको उनले जानकारी दिए । युवा संघ, भूपू सैनिक संगठन, एमाले भक्तपुरलगायतले नेताहरुको सुरक्षामा काम गरिरहेको उनले जानकारी दिए । उनले विगतमा युथ फोर्स निर्माण गरेर माओवादीको आतंक हटाएको उल्लेख गर्दै नेता बस्नेतले अहिले पनि सबै खालका अराजकताविरुद्ध युथ भोलेन्टियर्स फोर्सले काम गर्ने जानकारी दिए ।

# पाल्पामा जेनजी राष्ट्रिय सम्मेलन, केन्द्रीय नेतृत्व गठनको आह्वान




पाल्पा । पाल्पाको तानसेनमा जेनजी राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । सम्मेलनमा सातवटै प्रदेशका संयोजक, ४० भन्दा बढी जिल्लाका प्रतिनिधिहरूसहित करिब ३ सयभन्दा बढी सहभागीहरू उपस्थित रहेका थिए । सम्मेलनले देशभरका जेनजी युवाबिच विचार, दृष्टि र नेतृत्व आदानप्रदान गर्दै साझा प्रतिबद्धताको रूपमा जेन जी बडापत्र २०२५ जारी गरेको छ । उक्त बडापत्रमा पारदर्शिता, जवाफदेहिता, सुशासन, दण्डहीनताको अन्त्य, र भ्रष्टाचारमुक्त समाज निर्माणका लागि युवा अभियानलाई सशक्त बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

सम्मेलनका क्रममा सहभागीहरूले शुद्ध राजनीति पुनःस्थापना, जिम्मेवार राज्य संयन्त्र निर्माण, र अहिंसक परिवर्तनका लागि युवा नेतृत्व आवश्यक रहेको निष्कर्ष निकालेका छन् ।

कार्यक्रममा विभिन्न सेसनबाट दृष्टि, उद्देश्य र मूल मान्यता, अधिकार र जिम्मेवारी, तथा अनुगमन संयन्त्र र जवाफदेहिता प्रणाली जस्ता विषयमा गहिरो छलफल भएको आयोजक जेनजी पाल्पाका शुसिल बस्यालले बताए ।

बडापत्रअनुसार देशभरका युवालाई दण्डहीनताको अन्त्य, सुशासन र जवाफदेही राजनीतिका साझा अभियानमा संगठित गराइनेछ । अनुगमन प्रणालीका रूपमा वडा, पालिका र जिल्ला तहमा नियमित समीक्षा र नागरिक गुनासो प्रणाली सञ्चालन गरिने निर्णय गरिएको छ ।

सम्मेलनका मुख्य निष्कर्षहरूमा तत्काल जेनजी केन्द्रीय नेतृत्व गठनका लागि आह्वान, देशभरका जेनजी युवाबिच एकता र समन्वयको सञ्जाल विस्तार, अनुगमन संयन्त्र र नागरिक गुनासो प्रणालीको निर्णय पारदर्शिता, सुशासन र जवाफदेहितासम्बन्धी साझा प्रतिबद्धता रहेका छन् । सम्मेलनले आगामी दिनमा पाल्पामा जारी भएको बडापत्रमा आधारित भएर कार्य गर्ने जनाएको छ ।

सम्मेलनले आगामी दिनमा भ्रष्टाचारविरुद्धको अभियान तथा सचेतना कार्यक्रम, खुला सूचना तथा डिजिटल पोर्टलको कार्यान्वयन, हरेक गतिविधिमा सूचनाको हक, कानुनी सहकार्यको लागि स्थानीय सरकार, जिल्ला प्रशासन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग समन्वय सहकार्य गर्ने जनाएको छ ।

सम्मेलनमा जेनजी अगुवा गुञ्जनसिंह ठकुरी, कोशी प्रदेशका संयोजक उपार्जन चाम्लिङ, बाग्मती प्रदेशका संयोजक अप्सना वानु, लुम्बिनी प्रदेशसका संयोजक आदित्य आचार्य, सुदुर पश्चिम प्रदेशका संयोजक खेमराज साउदलगायत जिल्ला अध्यक्षहरुले देशभरका जेनजी युवाबिच एकतामा जोड दिएका थिए ।

# झलनाथ-घनश्याम समूह पनि विभाजित

बुटवल । नेकपा एकीकृत समाजवादीको झलनाथ खनाल-घनश्याम भुसाल समूह पनि विभाजित भएको छ । अध्यक्ष माधव नेपालको निर्णयमा बिमति राखेर बनेको खनाल र भूसाल समूह सँगै माओवादीमा नजाने निर्णय गरेका रामकुमारी झाँक्री, किसान श्रेष्ठलगायतका नेताहरु एमाले फर्किने तयारीमा छन् । श्रेष्ठका अनुसार आफूसहित रामकुमारी झाँक्री, डा.वंशीधर मिश्र, होम बुढाथोकी, अमरबहादुर थापा, अर्जुन राईलगायतले छुट्टै छलफल गरिरहेका छन् ।

घनश्याम भूसालको नेतृत्वमा अगाडि बढेको समूहमा नजाने भने निश्चित भएको उनले बताए । भूसालले बोलाएको छलफलमा पनि यी नेताहरू सहभागी भएननन् ।

एमालेमा वातावरण बन्यो भने देशभरबाट सय जना जति नेता फर्किन सक्ने बताए ।

# राजदूत फिर्ताको निर्णय लागू नगर्न आदेश

बुटवल । सर्वोच्च अदालतले विभिन्न ११ मुलुकमा कार्यरत नेपाली राजदूतहरूलाई फिर्ता बोलाउने सरकारको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ । न्यायाधीशहरू शारंगा सुवेदी र श्रीकान्त पौडेलको इजलासले राजदूत फिर्ता निर्णय कार्यान्वयन नगर्नु भनेको हो ।

सरकारले दुई साताअघि ती राजदूतहरूलाई फिर्ता बोलाएको थियो । प्रधानमन्त्री सुशीला कार्कीले गत शुक्रबार सम्पादकहरूसँगको छलफलमा केही राजदूतहरूले सरकारविरुद्धको अभिव्यक्ति दिएको र केहीको हकमा आर्थिक अनुशासनको प्रश्न जोडिएकाले उनीहरूलाई फिर्ता गर्नुपरेको बताएकी थिइन् । राजदूत फिर्ता गर्ने सरकारको निर्णय कानुनसम्मत नभएको दाबीसहित सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको थियो । यो मुद्दाको प्रारम्भिक सुनुवाइपछि नै सर्वोच्च अदालतले फिर्ताको निर्णय कार्यान्वयन नगर्नु भनी अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com